# डब्लुटिओबाट फाइदा लिन तुलनात्मक लाभका वस्तुमा जोड

**कान्तिपुर संवाददाता**

कास्की- विश्व व्यापार संगठन (डब्लुटिओ) को सदस्यताबाट फाइदा लिन तुलनात्मक लाभका वस्तुमा जोड दिनुपर्ने राय विज्ञहरूको छ । शुक्रबारदेखि यहाँ सुरु भएको डब्लुटिओको सदस्यता र सरोकारवालाको चासो विषयक गोष्ठीका सहभागीले मूल्य अभिवृद्धि हुने वस्तुको प्रवर्द्धन गर्नुपर्ने बताएका हुन् ।

'डब्लुटिओबाट फाइदा लिन सकिने वस्तुको प्रवर्द्धनमा केन्द्रित हुनुपर्छ,' राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर छेत्रीले भने । सरकारले १९ वटा वस्तु तथा सेवालाई तुलनात्मक लाभका वस्तु पहिचान गरी तिनको विकास गर्ने रणनीति एनटिआइएस तयार पारेको छ ।

नेपालले मूल्य अभिवृद्धि हुने वस्तु तथा सेवाको प्रवर्द्धन गर्न नसके भारतमा पनि बजार गुमाउँदै जानुपर्ने अवस्था आएको वाणिज्य सचिव पुरुषोत्तम ओझाले बताए । भारतले सन् २०१३ देखि बंगलादेश, भुटान लगायत सबै अतिकम विकसित मुलुकलाई भन्सार रहित बजार पहुँच दिने भएको छ । 'नेपालभन्दा प्रतिस्पर्धी बंगलादेश जस्ता अतिकम विकसित देशलाई पनि नेपाल जस्तै सुविधा दिने भएपछि हाम्रो बजार गुम्दै जाने खतरा छ,' उनले भने । भारतले अहिले नेपाललाई मात्रै भन्सार रहित बजार पहुँच दिइरहेको छ । यति हुँदाहुँदै पनि भारतसँगको व्यापार घाटा गत वर्ष २ खर्ब १८ अर्ब रुपैयाँ छ ।

कार्यक्रममा सावतीका अध्यक्ष एवं योजना आयोगका पूर्वसदस्य पोषराज पाण्डेले पर्यटन, स्वास्थ्य र शिक्षा जस्ता सेवा क्षेत्रमा पनि सरकारले ध्यान दिनुपर्ने बताए । 'पोखरा यी सेवाका लागि उपयुक्त स्थान भएकाले यहाँ छलफल थालिएको हो,' उनले भने ।

सावती र पोखरा उद्योग वाणिज्य संघले संयुक्त रूपमा आयोजना गरेको उक्त कार्यक्रममा संघका अध्यक्ष कृष्णमोहन श्रेष्ठले पोखरालाई पर्यटनसँग अन्य क्षेत्रको गन्तव्य समेत बनाउन खोजिएको बताए । सावतीका महासचिव रत्नाकर अधिकारीले नेपालको आपूर्ति क्षमता घट्दै गएको बताउँदै प्रतिस्पर्धी वस्तु लक्षित कार्यक्रम प्रवर्द्धनमा जोड दिनुपर्ने बताए ।